annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८७, पृष्ठ ८ | काठमाडौं, आइतबार १० साउन २०८३ | आषाढ शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४६ | SUNDAY, JULY 26, 2026 | मूल्य : रु. १०

आवरण समाचार

कर्णालीको स्वास्थ्य

# काँच र कंक्रिटका भव्य अस्पताल, तर वार्डमा छैनन् डाक्टर

देशमा ३ तहका सरकार आए, 'गाउँ-गाउँमा सिंहदरबार' पुगेको नारा गज्जबले सुनिए। तर, कर्णालीवासीका लागि विशेषज्ञ डाक्टरको सेवा अझै पनि 'आकाशको फल' नै छ। प्रदेशभर ९५ जना विशेषज्ञ डाक्टरको दरबन्दी स्वीकृत छ, तर कार्यरत छन् जम्मा २३ जना। करिब ७६ प्रतिशत पद खाली राखेर ठडिएका कर्णालीका भव्य अस्पतालहरू आजभोलि उपचार गर्ने थलो होइन, 'रेफरल सेन्टर' मा परिणत भएका छन्।

**विस्नुप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*



विस्तृत पृष्ठ २

## डा. केसीका मागबारे शिक्षा सचिवसँग आज छलफल



**शिवराज भट्ट** | *धनगढी*

सेती प्रादेशिक अस्पतालको आईसीयूमा अनशनरत वरिष्ठ चिकित्सक डा. गोविन्द केसीका मागबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि पौडेलसँग आइतबार छलफल हुने भएको छ।

डा. केसीसँग वार्ताका लागि धनगढी आएका सचिव पौडेलले शनिबार नै अस्पतालमै पुगेर डा. केसीलाई भेटेका छन्।

» बाँकी पृष्ठ ६

# ७५४ दिनपछि सत्ता सहकार्यमा एमाले-नेकपा

**शेखर अधिकारी** | *काठमाडौं*

१७ असार २०८१ मा तत्कालीन माओवादी केन्द्रसँगको सत्ता सहकार्य तोड्दै कांग्रेस-एमालेले गठबन्धन घोषणा गरेका थिए। ७ बुँदे सहमति गर्दै एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले स्थायी सरकार बनाउने बताएका थिए।

सहमतिअनुसार पहिलो चरणमा एमाले अध्यक्ष ओली संघीय सरकारको प्रधानमन्त्री भए भने सातै प्रदेशमा भागबन्डा गरियो। संघीय सरकारको नेतृत्व देउवालाई हस्तान्तरण नगर्दै गत वर्षको जेन-जी आन्दोलनले ओलीलाई बहिर्गमन गर्न बाध्य बनायो। विगतको सत्ता समीकरणअनुसार नै कांग्रेस-एमालेले प्रदेशमा गरिरहेको सहकार्य अब टुटेको छ।

प्रदेशको बजेटका कारण कांग्रेस-एमालेबीचको असमभ्रूदारीका कारण सुदूरपश्चिमबाट टुटेको सहकार्य औपचारिक रूपमा अन्त्य भएको छ। ठूला दुई वामपन्थी दल एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पुन: ७५४ दिनपछि सत्ता सहकार्य गर्ने निर्णय गरेका छन्। दुई दलबीच एमालेले ३ र नेकपाले २ प्रदेश सरकारको नेतृत्व गर्ने गरी सहमति भएको छ। शनिबार एमाले अध्यक्ष ओली र नेकपाका संयोजक पुष्पकमल दाहालबीच प्रदेशसभाहरूमा सहकार्य गर्ने र संयुक्त सरकार गठन गर्ने तीनबुँदे सहमतिमा हस्ताक्षर भएको छ।



'संयुक्त सरकारमा कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले गर्ने र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेपाली कम्युनिस्ट पार्टीले गर्ने,' सहमतिमा लेखिएको छ, 'मधेस प्रदेश र गण्डकी प्रदेशमा सरकार गठनका सन्दर्भमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलहरूसँग समेत परामर्श गरी सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने।' पछिल्लो समय प्रदेशसभामा बजेट निर्माणमा देखिएका असमभ्रूदारी, बजेट विहीनताको अवस्था र अस्वस्थ राजनीतिक प्रतिस्पर्धालगायतका समस्याहरूलाई समाधान गर्न दुई वामपन्थी शक्ति भएको नेकपा नेता वर्षमान पुनले बताए। 'अहिले प्रदेशमा देखिएको डेडलक फुकाउन सहकार्य घोषणा भएको हो,' पुनले शनिबार साँझ अन्नपूर्ण पोस्ट्सँग भने, 'जनताको चाहनाअनुरूप राजनीतिक स्थिरता, सुशासन, सम्मृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र तुल्याउन हामी दुई राजनीतिक दलहरू सहमतिमा पुगेका हौं।'

| एमाले | नेकपा |
|---|---|
| कोशी | कर्णाली |
| बागमती | सुदूरपश्चिम |
| लुम्बिनी | |

एमाले केन्द्रीय प्रचार विभाग प्रमुख निरज आचार्यले कांग्रेसले सिद्धान्तको नाममा अपनाएको अलमल र दिशाहीन नीतिका कारण वामपन्थी दलबीच सहकार्य गर्नुपर्ने परिस्थिति आएको बताए। 'संकटपूर्ण घडीमा राजनीतिक दलहरूका लागि परम्परागत सत्तापक्ष वा प्रतिपक्षको सीमाभन्दा माथि उठेर संविधान, लोकतन्त्र र देशको बृहत्तर हितका लागि एकजुट हुनु अपरिहार्य आवश्यकता बनेको छ,' उनले भने, 'देश र जनताको मुद्दा नै हाम्रो पहिलो प्राथमिकता हो। संकटको यो घडीलाई नजरअन्दाज गरि सिद्धान्तको नयाँ जामा खोज्ने दोहोरो मापदण्ड अपनाउनु कुनै पनि जिम्मेवार दलका लागि सुहाउने विषय होइन।'

» बाँकी पृष्ठ ६

# नेताका सालिक ठडिए, पारदर्शिता ढल्यो

**जे पाण्डे** | *नेपालगन्ज*

सुशासनको अनुभूति त्यति बेला हुन्छ, जब राज्यका निकाय पूर्ण पारदर्शी हुन्छन्। तर, नेपालगन्ज उपमहानगरपालिकामा भने आर्थिक अनुशासन पटक्कै देखिएको छैन। कतिसम्म भने सहरका मुख्य सडकमा पुनर्स्थापना गरिएका आदर्शवादी नेताहरूसँगै पूर्वराजाको सालिक निर्माण गर्दा लागेको खर्चसमेत लुकाइएको छ।

पुनर्स्थापना गरिएका बीपी, गणेशमान, पुष्पलाल र सेतु विकको सालिक ०८२ भदौ २४ गते भ्रष्टाचारको विरोध र सदाचारको माग गर्ने क्रममा तोडफोड गरिएका र भत्काइएका थिए। तत्कालीन राजा वीरेन्द्रको सालिक भने ०६२/६३ को जनआन्दोलनका क्रममा भत्काइएको थियो।

'राजावादीहरूले' ०७३ भदौ १६ गते पुन: वीरेन्द्रको सालिक स्थापना गरेका थिए। तर, त्यो बेला गृह मन्त्रालयको आदेशमा प्रहरीले नै सालिक नियन्त्रणमा लिएको थियो। राजावादी युवाहरूले सालिक राखेको १८ घन्टाभित्रै प्रहरीले झिकेर प्रशासनलाई बुझाएको थियो। वीरेन्द्रको सालिक हटाएपछि आक्रोशित युवाहरूले सहरका अन्य सालिकहरू भत्काउने चेतावनी दिए। जसका कारण पुष्पलाल चोक, बीपी चोक र सहिद सेतु विक चोकका सालिकको सुरक्षाका लागि ठूलो संख्यामा सुरक्षाकर्मीहरू तैनाथ गरिएका थिए।



यसपटक राजादेखि गणतन्त्रवादी नेताहरूका ६ वटा सालिक पुनर्निर्माण त गरिए, तर लागेको खर्चको विवरण नै लुकाएर नेपालगन्ज उपमहानगरपालिकाले जेन-जी आन्दोलनको औचित्य समाप्त पारिदिएको त छ नै, भावनासमेत कुल्चेको छ।

उपमहानगरले राजा वीरेन्द्र, बीपी कोइराला, गणेशमान सिंह, सुशील कोइराला, पुष्पलाल श्रेष्ठ र सहिद सेतु विकको सालिक निर्माण गरी सहरका ६ ठाउँमा शनिबार पुनर्स्थापना गरेको हो। उपमहानगरका प्रमुख प्रशान्त विष्टले ती सालिकहरूको अनावरण पनि आफैंले गरे। तर, महान् राजनीतिक नेताहरूको सालिक निर्माण गर्दा भएको खर्चको विवरण भने गोप्य राख्नुपरेको बताएका छन्। पुनर्निर्माणमा कति खर्च लाग्यो ? अन्नपूर्ण पोस्ट्ले सोधेको प्रश्नमा विष्टको जवाफ यस्तो थियो, 'यो प्राविधिक विषय भएकाले भन्न मिल्दैन।'

सेतु विकको सालिक अनावरणलगत्तै उनको यस्तो भनाइ सुनिरहेका युवाहरूमध्ये रमेश बोहोरा आश्चर्य मान्दै थिए। उनले भने, 'यो भनाइले त देशमा निरंकुश शासन अन्त्य र प्रजातन्त्र स्थापनाका लागि ज्यानको बाजी लगाएका आदर्शवादी नेताहरूको भावनामा गहिरो चोट पुग्छ।' खर्च लुकाएर मेयर विष्टले जेनजी आन्दोलनको भावनाको समेत सम्मान गर्न नसकेको टिप्पणी धेरैले गरेका छन्। 'सुशासनका लागि पहिलो सर्त नै पारदर्शिता हो। आदर्शवादी नेताको सालिक निर्माण गर्ने अनि उनीहरूको भावनालाई कुल्चँदै खर्चको विवरण लुकाउन खोज्नुले त भ्रष्टाचारको संकेत गर्छ,' विष्टको जवाफ सुनिरहेका अर्का युवाले भने।

» बाँकी पृष्ठ ६

